# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

Child and Youth Finance International को आह्वानमा नेपालमा मनाइँदै गरिएको अन्तर्राष्ट्रिय वित्तीय साक्षरता सप्ताह (Global Money Week, March 9-17) को अवसरमा नेपाल राष्ट्र बैंकद्वारा २०७१ चैत्र ३ गते वित्तीय साक्षरता अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।

यसअघि बैंकले फागुन ३० गते काठमाडौँमा सर्वसाधारण तथा सरोकारवालाहरूमा वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले वित्तीय साक्षरता ऱ्याली आयोजना गरेको थियो ।

अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा मन्तव्य व्यक्त गदै गभर्नर डा. युवराज खतिवडाले वित्तीय चेतना अभिवृद्धिको विषय निरन्तर चलिरहने विषय भएको र सूचना प्रविधिको विकाससँगै सर्वसाधारण मात्र नभई बैंक तथा वित्तीय क्षेत्र, केन्द्रीय बैंकले समेत निरन्तर सिकिरहनु आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । यो विषय प्राथमिक तहका विद्यार्थीदेखि विशेषज्ञ तहका व्यक्तिमा पनि निरन्तर रहने, तर यसको तह भने फरक रहने उहाँले स्पष्ट पार्नुभयो ।

वित्तीय चेतनाले सामान्य रुपमा वित्तीय पहुँच अभिवृद्धि गर्ने मात्र नभई वित्तीय प्रणालीमा समेत सकारात्मक प्रभाव पर्न गई वित्तीय स्थायित्व हासिल हुने, वित्तीय सेवाको उपयोग सबैले गर्न मद्दत पुग्ने हुँदा वित्तीय समावेशितामा टेवा पुग्न गई समावेशी आर्थिक विकासको अवधारणा सार्थक बनाउने हुँदा नेपाल राष्ट्र बैंकले वित्तीय चेतना अभिवृद्धिलाई एक मुख्य उद्देश्यका साथ उच्च प्राथमिकतामा राखेको जानकारी दिँदै उहाँले यसबाट वित्तीय अपराध नियन्त्रणमा सकारात्मक सहयोग पुग्न सक्ने विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. विनोद आत्रेयले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने सो विभागका उपनिर्देशक रामहरि दाहाल र पाठ्यक्रम विकास केन्द्रका उपनिर्देशक टुकराज अधिकारीले वित्तीय ज्ञान र नीतिगत प्रयासहरु सम्वन्धमा कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा बैंकर्स एसोसिएसनका अध्यक्ष उपेन्द्रकुमार पौडेल, निजी तथा आवासीय विद्यालय राष्ट्रिय महासंघका अध्यक्ष कर्णबहादुर शाही, UNICEF का जया बुढाथोकी लगायतका वक्ताहरुले वित्तीय साक्षरता आभिवृद्धिमा आआफ्नो तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

**२०७१ चैत ३ गते, मङ्गलबार** **गभर्नरको कार्यालय**